# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४७) काठमाडौं, जेठ ५ गते २०५४ साल (अतिरिक्ताङ्क ८

## भाग ३

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना १

खण्ड ४४, मिति २०५१।७।२८ अतिरिक्ताङ्क ३४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार गठित निर्वाचन अदालतमध्ये सुदूर पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने जिल्लाहरूको लागि गठित निर्वाचन अदालत बाहेक अन्य चारै विकास क्षेत्रअन्तर्गत पर्ने जिल्लाहरूको लागि गठित निर्वाचन अदालतको म्याद अर्को ६ महिनासम्मको लागि थप भएको सूचना खण्ड ४५ संख्या ४३, मिति २०५२।१०।२९ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित भएकोमा पूर्वाञ्चल र मध्यमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने जिल्लाहरूको लागि गठित निर्वाचन अदालतको म्याद समाप्त भएको मितिले अर्को ६ महिनासम्मको लागि थप भएको सूचना खण्ड ४६, संख्या १७, मिति २०५३।४।२१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित भएकोमा तत् तत् निर्वाचन अदालतको म्याद समाप्त भएको मितिले अर्को ३ महिनासम्मको लागि थप भएको एवं रूपन्देही जिल्लाको क्षेत्र नं. २ र बैतडी जिल्लाको क्षेत्र नं. १ को उप-निर्वाचनको सम्बन्धमा निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ अन्तर्गतको मुद्दाको कारबाही र किनारा गर्ने समेत मध्यमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने जिल्ला-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हरूको लागि गठित निर्वाचन अदालतलाई तोक्ने सूचना खण्ड ४६, अतिरिक्ताङ्क ५५ (ख), मिति २०५३।१०।२८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित भएकोमा पूर्वाञ्चल र मध्यमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने जिल्लाहरूको लागि गठित निर्वाचन अदालतको म्याद समाप्त भएको मितिले पुनः अर्को ३ महिनासम्मको लागि थप गर्ने श्री ५ को सरकारले निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना २

श्री ५ को सरकारले निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी गाउँ विकास समितिको अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष र वडा सदस्य, नगरपालिकाको प्रमुख, उप-प्रमुख, वडाध्यक्ष र वडा सदस्य तथा जिल्ला विकास समितिको सभापति, उप-सभापति र सदस्यको निर्वाचन सम्बन्धमा सोही ऐनअन्तर्गतको मुद्दामा कारबाही र किनारा गर्न नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९२ अनुसार न्यायपरिषद्को सिफारिशमा सम्माननीय प्रधान न्यायाधीशबाट स्वीकृति भएबमोजिम प्रत्येक जिल्लामा सम्बन्धित जिल्ला अदालतका जिल्ला न्यायाधीशको निर्वाचन अदालत गठन गरेको छ र सोही ऐनको दफा २२ को उप-दफा (२) को प्रयोजनको लागि प्रत्येक जिल्लामा गठित निर्वाचन अदालतको निर्णय उपर पुनरावेदन सुन्न सो निर्वाचन अदालत रहेको क्षेत्रको पुनरावेदन अदालतलाई तोकेको छ।

आज्ञाले,
तीर्थमान शाक्य
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

40